मिति:२०८०।११।१८ गते शुक्रबार

लेटाङ नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

**निर्णयहरु**

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा | मिति २०८०।११।०४ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>समिक्षामा पाइएको बिषयहरू:<br>१. निर्णयहरू ८० % कार्यान्वयन भएको र बाँकी २०% कार्यान्वयनको चरणमा रहेको। |
| २ | सार्वजनिक सुनुवाई सम्बन्धमा। | लेटाङ नगरपालिकाको आ.व.२०८०।८१ दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति,समय र स्थानमा गर्ने।<br>**तपसिल:**<br>मिति: २०८०।११।२४ गते<br>समय: बिहान ११ बजे<br>स्थान: जाँते खानेपानी हल (श्रीजंगा चोक) |
| ३ | एम्बुलेन्स खरिदका लागि कर छुटको सिफारिस सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ९ मा अवस्थित श्री आधारभुत स्वास्थ्य केन्द्र लाई एम्बुलेन्स खरिद गर्नका लागि राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ बमोजिम गर्ने गरी ख बर्गको एम्बुलेन्स खरिदमा लाग्ने राजश्व छुटको लागि सिफारिस गर्ने निर्णय गरियो। |
| ४ | पुस्तिका प्रकाशन सम्बन्धमा। | लेटाङ नगरपालिकाको संक्षिप्त परिचय भएको एक लेटाङ नगरपालिका चिनारी पुस्तिका प्रकाशन गर्ने। |
| ५ | अर्धवार्षिक मुखपत्र प्रकाशन सम्बन्धमा। | लेटाङ नगरपालिका द्वारा आ ब २०८०।८१ को पहिलो अर्धबार्षिक देखि लागु हुने गरी अर्धबार्षिक मुखपत्र प्रकाशन गर्ने। मुखपत्र प्रकाशनका लागि देहायको सम्पादक र सहायक सम्पादक तोक्ने।<br>**देहाय:**<br>१. सम्पादक - श्री रामकुमार श्रेष्ठ<br>२. सहायक सम्पादक - श्री रबि सुबेदी |
| ६ | भगिनी सम्बन्ध प्रस्ताव सम्बन्धमा। | लेटाङ नगरपालिका र लुम्बिनी सांस्कृति नगरपालिका बिचमा विकास निर्माण तथा सेवा प्रवाहका क्षेत्रमा एक अर्काका असल र सफल अभ्यासहरूलाई आदान प्रदान गर्ने, संस्कृतिक सम्बन्ध विस्तार गर्न, पारस्परिक सम्मान, समझदारी र सहयोगको माध्यमबाट एक अर्कामा जोडिने साथै समय, प्रतिभा र श्रोतहरूको परिचालन एंव विश्वास र बुझाइमा प्रतिवद्व रहने वातावरण तयार पार्ने उद्देक्यका साथ भगिनी सम्बन्ध स्थानपना लागि प्रस्ताव गर्ने। |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ७ | अन्तराष्ट्रिय भगिनी सम्बन्धमा। | लेटाङ नगरपालिकालाई अन्तराष्ट्रिय स्तरमा परिचित गराएर विकास निर्माण तथा सेवा प्रवाहका क्षेत्रमा एक अर्काका असल र सफल अभ्यासहरूलाई आदान प्रदान गर्ने, संस्कृतिक सम्बन्ध विस्तार गर्न, पारस्परिक सम्मान, समझदारी र सहयोगको माध्यमबाट एक अर्कामा जोडिने साथै समय, प्रतिभा र श्रोतहरूको परिचालन एंव विश्वास र बुझाइमा प्रतिवद्ध रहने वातावरण तयार पार्ने उद्देक्यका साथ समान हैसियत भएका संयुक्त राज्य अमेरिका, जापान लगायतका देशका इच्छुक नगरपालिका हरूसँग भगिनि/भाइचारा (sister city) सम्बन्ध स्थापित,बिकास र बिस्तार गर्न आवश्यक प्रकृया अघि बढाउने। |
| ८ | खोला अनुगमन सम्बन्धमा। | लेटाङ नगरपालिकामा अवस्थित नदिजन्य पदार्थको उत्खन्न सम्बन्धमा समय समयमा नियमिति रूपमा अनुगमन् गर्नका लागि हाल नगर उपप्रमुख ज्यूको अध्यक्षतामा रहेको अनुगमन समितिले नियमिति रूपमा अनुगमन गर्दा सम्बन्धित वडाको वडा अध्यक्षसँग समन्वय र सहकार्य गर्ने। |
| ९ | भुमिसुधार मन्त्रालयमा सिफारिस सम्बन्धमा। | मोरङ जिल्ला लेटाङ नगरपालिका वडा नं.४ को लेटाङ बजार मेन लाईनबाट ५० मिटर पुर्व, मगर गुम्बा देखि पश्चिम, श्री शान्ति भगवती माविको दक्षिण र ईलाका प्रहरी कार्यालयबाट ५० मिटर उत्तरमा रहेको वस्तीमा विगत २०३२ सालदेखि हालसम्म जनताहरु स्थायी रूपमा बसोबास गरिरहेका छन् । उक्त बस्तीमा २०५५ सालको सुकुम्बासी समाधान आयोगबाट जग्गा नापजाँच हुँदा लेटाङ २ङ कित्ता नं ९३८,९३९,९४० र ९९७ जग्गाहरु फिल्डबुक क्षेत्रीय किताबमा हटिया भनि उल्लेख भएको छ। उक्त कित्ता नम्बर भएको जग्गाहरुमा विगत २०३२ सालदेखि बसोबास गरिरहेको भुमिहिन दलित, भुमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबास गरि बस्नेहरु जम्मा १४९ घरसंख्या रहेका छन् । यस स्थानका जनताहरुले स्थाई रुपमा बसोबास गरेको आधारमा तत्कालिन लेटाङ गा.वि.स. मार्फत २०४९ सालदेखि घर धुरीकर तिर्दै आएको प्रमाण समेत रहेको छ । तर २०५२ सालमा १०वर्षे माओवादी सशस्त्र द्वन्द्व सुरु भएपछि स्थानीय पालिकाहरु जनप्रतिनिधी विहीन भएको कारणले कुनै पनि कर बुझाउन सहज परिस्थिती थिएन तर माओवादी तथा सरकार पक्षको १२ बुँदे सहमति पश्चात यस क्षेत्रका जनताहरूले खानेपानी, विद्युत, फोहोरमैला सरसफाई, बहाल बिटौरी कर हालसम्म तिर्दै आएका छन्। साविक लेटाङभोगटेनी नगरपालिकाको मिति २०७३।०९।०५ सर्वदलीय तथा सर्वपक्षीयको बैठकबाट साविक लेटाङभोगटेनी नगरपालिका वडा नं. ८ स्थित प्रस्तावित बसपार्कको पश्चिमपट्टि खाली जग्गामा हाटबजार स्थानान्तरण गर्ने निर्णय भयो । संघीय सरकार तथा लेटाङ नगरपालिकाको कार्यालयबाट आ.व. २०७७।०७८ मा उक्त स्थानान्तरण गरेको स्थानमा कृषि हाटबजार निर्माणका लागि बजेट बिनियोजन भएको र निर्माण कार्य सम्पन्न भई साप्ताहिक शनिवारका दिन हाटबजार समेत सञ्चालन भइरहेको छ। उक्त कित्ता नम्बर भएका जग्गाहरूमा |

| | | |
|---|---|---|
| | | बिगत ४८ बर्षदेखि स्थायी रूपमा बसोबास गर्दै आएको र अव्यवस्थित बसोबासी तथा भुमिहीन सुकुम्बासीको अनुसूची फारम भरी निस्सा समेत प्राप्त गरिसकेको फिल्ड बुकमा हटिया लेखिएकोले हटिया क्षेत्र सार्वजनिक जग्गा भएको कारण जग्गा नापजाँच कार्य नभएकोले उक्त कित्ता नम्बर भएका जग्गाहरू सम्बन्धित निकाय मार्फत नापजाँच गराई स्थायी रुपमा जग्गाधनी प्रमाण पत्र पूर्जा व्यवस्थापन गरिदिन अनुरोध गर्ने। |
| १० | अध्ययन समिति गठन सम्बन्धमा। | लेटाङ नगरपालिकामा निर्माण भएको मध्यकालिन खर्च सरंचनाको प्रतिवेदन अध्ययन गरी बुझाउनका लागि देहायको एक मध्यकालिन खर्च संरचना अध्ययन समिति गठन गर्ने। उक्त समितिले आगामि कार्यपालिकामा आफ्नो प्रतिवेदन पेश गर्ने।<br>संयोजक भिम पोखेल<br>सदस्य रामकुमार श्रेष्ठ<br>सदस्य अमिता राई<br>सदस्य चम्पाथापा मगर<br>सदस्य सचिव सुदिप घिमिरे |
| ११ | लिजमा जग्गा प्राप्ति सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ४ को बुद्ध मार्ग घिमिरे चोक देखी दक्षिण परिवर्तन टोल पश्चिम मदनमार्ग र सव डिभिजन वन कार्यालय लेटाङ्ग उत्तर, पूर्वि पृतनाबाट पूर्व दक्षिण शान्ति भगवती मा बि र टेलिकम लाईन पूर्व गरि ४ किल्ला भित्र संघिय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य दातृ निकायहरूको समेत सहयोगमा १५ सैयाको नगर अस्पताल, सर्पदंश उपचार केन्द्र वडा नं ४ को वडा प्रशासनिक भवन, चिल्ड्रेन पार्क, नागरिक आरोग्य केन्द्र, वडा नं ४ को आधारभुत स्वास्थ्य केन्द्र, नगर पशु अस्पताल, कभर्ड हल, नेपाल भलिबल संघको कार्यालय तथा भलिवल मैदान, व्यवस्थित हाटबजार, वसपार्क, खुल्ला व्यायमसाला, सार्वजनिक शौचालय, जेष्ठ नागरिक चौतारी, पशु बधशाला समेत रहेका छन्। माथि उल्लेखित ४ किल्ला भित्र रहेको जग्गा (१३२०२३६ स्कवायर फिट क्षेत्रफल) चौतर्फी अतिक्रमणको चपेटामा परि नगरपालिकाबाट संरक्षण गरिरहेको छ। उक्त जमिन भित्र अन्तर सांस्कृतिक संग्राहलय, अत्याधुनिक वसपार्क र आपतकालिन उद्धार केन्द्र निर्माण गर्न डि पि आर समेत तयार गरिसकेको हुँदा माथी उल्लेखित संरचनाले ओगटेको जमिन र अब निर्माण गर्ने सोच राखिएको माथि उल्लेखित ४ किल्ला क्षेत्रभित्रको (१३२०२३६ स्कवायर फिट क्षेत्रफल) जमिन भोगचलनको लागि प्राप्त गर्न श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग अनुरोध गर्ने। |